स.क.प.आ.नं. १०३६०
जि.प्र.का.द.नं. ४४७

# समाज विकासमा प्रतिशिलता

**DYNAMISM IN SOCIAL DEVELOPMENT (DIDS)**

धनगढी, कैलाली

..........................................................................................................................................

## वनमा आधारित उद्यम विकास तथा स्तरोन्नतीका लागि दरखास्त आह्वान सम्बन्धी सूचना
**(दोश्रो पटक प्रकाशन मितिः २०८२/१/७)**

समृद्धिका लागि वन परियोजना, विश्व बैंकको आर्थिक सहयोगमा नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, मधेश प्रदेश सरकार र लुम्बिनी तथा मधेश प्रदेशका ५० स्थानीय तहमा २०७८ साल चैत्र देखि कार्यान्वयनमा रहेको परियोजना हो । यस परियोजनाको उद्धेश्य दिगो वन व्यवस्थापनमा सुधार गर्ने, वनबाट प्राप्त हुने फाईदाहरु बृद्धि गर्ने, र लुम्बिनी तथा मधेश प्रदेश अन्तरगत छनौट गरिएका स्थानीय तहहरु भित्र खुद हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरणमा योगदान गर्ने रहेको छ । परियोजनाले दिगो वन व्यवस्थापन मार्फत साना र मझौला वन उद्यम विकास तथा स्तरोन्नतीका लागि व्यवसाय विकास सेवा र कृषि विकास बैंक लिमिटेडबाट कर्जा सेवाका लागि सहजीकरण गर्दछ । परियोजनाको प्रादेशिक परियोजना व्यवस्थापन इकाई, वन निर्देशनालय, बुटवलले DYNAMISM IN SOCIAL DEVELOPMENT (DIDS) धनगढी, कैलालीलाई व्यवसाय विकास सेवा प्रदायक संस्थाको रुपमा छनौट गरि सो सम्बन्धि जिम्मेवारी प्रदान गरेको छ ।

यसै सन्दर्भमा, DIDS धनगढी, कैलालीले लुम्बिनी प्रदेशका पूर्वी रुकुम, रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया जिल्लामा वनमा आधारित उद्यम विकास तथा स्तरोन्नतीसँग सम्बन्धित निम्न व्यवसाय विकास सेवा प्राप्त गर्न ईच्छुक सम्भावित वनमा आधारित नयाँ र सञ्चालनमा रहेका उद्यमका उद्यमीबाट दरखास्त आह्वान गरिएको छ । व्यवसाय विकास सेवा अन्तरगत १) उद्यमशीलता विकास तालिम, २) व्यवसाय दर्ताका लागि सहजीकरण, ३) व्यवसाय योजना तयारीका लागि क्षमता अभिवृद्धि तालिम, ४) व्यवसाय योजना तयारीका लागि सहयोग तथा सहजीकरण, ५) उद्यम दर्ताका लागि सहजीकरण, ६) कर्जा प्रस्ताव तयारीका लागि सहयोग तथा सहजीकरण र ७) कृषि विकास बैंक लिमिटेडबाट कर्जा प्राप्तीका लागि सहयोग तथा सहजीकरण लगायतका सेवाहरु लिन योग्यता पगेका ईच्छुक व्यक्तिहरुले नागरिकताको प्रतिलिपि सहित दरखासत पेश गर्न भनि गरिएको मिति २०८१।१२।२२ गते सुचना प्रकाशित गरिएकोमा तोकिएको म्याद भित्र पर्याप्त दर्खास्त नपरेकोले पुन : दोश्रो पटक यो सुचना प्रकाशित गरिएकोले मितिले ७ दिन भित्र ईमेलः fppdids@gmail.com मा दरखास्त पेश गर्नुहुन अनुरोध छ । साथै पहिलो दरखास्त पेश गर्नेलाई पहिलो छनौट विधिद्धारा सहभागी छनौट गरिने छ । यस सम्बन्धी विस्तृत सुचना वन निर्देशनालय, बुटवलको वेभसाइट https://pfdir.lumbini.gov.np/ मा हेर्न सकिनेछ ।